थापाथली, काठमाडौं, सिंहमहल
फोन नं.: ४२५८५७८, ४२२७२८३
फ्याक्स : ९७७ १ ४२४९५४१
E-mail : nrbcmd@nrb.org.np
Website: www.nrb.org.np
पोष्ट बक्स : ३५९

# नेपाल राष्ट्र बैंक
## मुद्रा व्यवस्थापन विभाग

परिपत्र/सफा नोट नीति/२०७२/७३

मिति २०७३/०१/१२

इजाजत पत्र प्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु ।

बिषय: **सफा नोट नीति कार्यान्वयन सम्बन्धमा ।**

महाशय,

यस बैंकले लिएको सफा नोट नीतिलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा यो परिपत्र जारी गरिएको छ ।

१) बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो संस्थामा प्राप्त हुने नोटहरुलाई चलनचल्तीमा पठाउन योग्य र चलनचल्तीमा पठाउन अयोग्य नोट छुट्याउनु पर्ने । चलनचल्तीमा पठाउन योग्य नोटको प्याकेटमा अनिवार्य रुपमा बैंकको नाम, नोट गन्ती गर्ने कर्मचारीको नाम, सही र छाप सहित सेतो रङ्गको स्लिप मात्र प्रयोग गर्नुपर्ने । चलनचल्तीमा पठाउन अयोग्य नोटको प्याकेटमा बैंकको नाम, नोट गन्ती गर्ने कर्मचारीहरुको नाम, सही र छाप सहित रातो रंगको स्लिप मात्र प्रयोग गर्नुपर्ने ।

२) यसरी सर्टिङ्ग गरिएको नोटको प्याकेटमा स्टिचको प्रयोग नगर्ने । यसमा आवश्यकता अनुसार रबर/प्लाष्टिक/पेपर वैण्ड प्रयोग गर्न सकिने । साथै, नोटमा केरमेट नगर्ने र जथाभावी च्यात्ने कार्य नगर्ने/नगराउने व्यवस्था मिलाउने ।

३) सर्वसाधारणलाई भुक्तानी गर्दा चलनचल्तीमा पठाउन योग्य नोट मात्र भुक्तानी गर्नुपर्ने । चलनचल्तीमा पठाउन अयोग्य नोट सर्वसाधारणलाई भुक्तानी दिन प्रयोग नगर्ने । यस्ता नोट नेपाल राष्ट्र बैंकमा नै बुझाउने ।

**नोटः** सफा नोट नीति सम्बन्धमा यस बैंकबाट यस पूर्व मिति २०७१/०२/२३ मा जारी परिपत्र खारेज गरिएको छ ।

भवदीय,

(भुवन कडेल)
का.मु. कार्यकारी निर्देशक

बोधार्थ तथा कार्यार्थ:

१) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार ।
२) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
३) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
४) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
६) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
७) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
८) श्री नेपाल राष्ट्र बैंक, उपत्यका बाहिरका कार्यालयहरु ।
९) श्री नेपाल बैंकर्स संघ, काठमाडौं ।
१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, काठमाडौं ।
११) श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।
१२) श्री लघुवित्त बैंकर्स संघ, काठमाडौं ।